## अनुसुची – २

( दफा ४ तथा अनुसुची – १ को भाग – १ सँग सम्बन्धित )

दुर्गाथली गाउँपालिका

# दुर्गाथली राजपत्र

## दुर्गाथली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट प्रकाशित

| | | |
|---|---|---|
| खण्ड क | संख्या ०१ | मिति २०७८।०४।०१ |

**भाग – १**

**दुर्गाथली गाउँपालिका**

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

आर्थिक वर्ष २०७८/७९ को

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

# आर्थिक ऐन, २०७८

## दुर्गाथली गाउँपालिका

चौधारी बझाङ्ग

सुदुरपश्चिम प्रदेश

२०७८

# दुर्गाथली गाउँपालिकाको आर्थिक ऐन २०७८

## **दुर्गाथली** गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावनाःदुर्गाथली गाउँपालिकाको आर्थिक वर्ष२०७८।७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा(२) बमोजिम **दुर्गाथली** गाउँसभाले यो ऐन बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि **दुर्गाथली** गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** **दुर्गाथली** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)**: दुर्गाथली गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** दुर्गाथली गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः**लेकम गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडीवुटी, कवाडी र जिवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यत्ती वा संस्थाले उन,खोटो, जडिवुटी वनकस, कवाडी माल प्रचलित कानुनले निषेध गरियको जिवजन्तु बाहेका अन्य मृत वा मारियका जिवजन्तु हाड सिङ,प्वाख,छाला जस्ता बस्तुको व्यावशायिक कारोवार गरे वापत अनुसुची ५ बमोजिमको कर लऊइने र असुल उपर गरिने छ ।

७. **विज्ञापन करः** दुर्गाथली गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **बहाल बिटौरी शुल्कः** दुर्गाथली गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **सेवा शुल्क, दस्तुरः** दुर्गाथली गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (८) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

११. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि दुर्गाथली गाउँपालिकाले तोके अनुसार हुने छ ।

**अनुसुचि -१**
**( नियम २ सँग सम्बन्धित )**

आर्थिक वर्ष २०७८।०७९ मा तपशिल बमोजिमको घरजग्गा कर लगाइनेछ ।
दुर्गाथली गाउँपालिका क्षेत्रभित्र रु.५० देखि रु. ३०० सम्म घरजग्गा कर लगाइनेछ ।
वर्गीकरण
(क) ढलान गरि निर्माण भएको पक्की घर रु १५० दोस्रो तलाको थप रु १०० तेस्रो तलाको रु ५०
(ख) स्लेट तथा अन्य जस्ता टिन भएको प्लाष्टर घर रु १०० दोस्रो तला थप रु २५ तेस्रो तला थप रु २५
(ग) स्लेट तथा जस्ता छाना भएको समान्य लिपपोत गरेको घर रु ७५ दोस्रो तला थप २५ तेस्रो तला थप रु २५
(घ) खरको छाना भएका प्रति घर रु ५० दोस्रो तला थप रु २५ तेस्रो तला थप रु २५

**अनुसुचि -२**
**( नियम ३ सँग सम्बन्धित )**

दुर्गाथली गाउँपालिका क्षेत्र भित्र निम्न बमोजिमको दरले मालपोत कर लगाइनेछ ।
सडक वरपरको क्षेत्र
**खेत तर्फः**

| क्र.स. | जग्गाको किसिम | १० रोपनी सम्म प्रति रोपनी (रकम रु.) | १० रोपनी भन्दा माथि प्रति रोपनी (रकम रु.) |
|---|---|---|---|
| १ | अब्बल | १०।०० | १२।०० |
| २ | दोयम | ८।०० | १०।०० |
| ३ | सिम | ६।०० | ८।०० |
| ४ | चाहर | ४।०० | ६।०० |

**पाखो तर्फः**

| क्र.स. | जग्गाको किसिम | १० रोपनी सम्म प्रति रोपनी (रकम रु.) | १० रोपनी भन्दा माथि प्रति रोपनी (रकम रु.) |
|---|---|---|---|
| १ | अब्बल | ८।०० | १०।०० |
| २ | दोयम | ६।०० | ८।०० |
| ३ | सिम | ४।०० | ६।०० |
| ४ | चाहर | २।०० | ४।०० |

नोट १ रोपनीमा ५०८।७४ वर्ग मिटर
जरिवाना साविक बमोजिम लिइने छ ।

**अनुसुचि -३**

( नियम ४ सँग सम्बन्धित )

दुर्गाथली गाउँपालिका भित्र कसैले घर भाडामा लगाएमा त्यसमा घर भाडाको हुने १०% (दस प्रतिशत) कर लगाइनेछ ।

## अनुसुची -४

### (नियम ५ सँग सम्बन्धित)

दुर्गाथली गाउँपालिका भित्र तपशिल बमोजिमको दरमा व्यवसाय कर लगाइनेछ ।

| क्र.स. | व्यवसाय दर्ता दस्तुर | रकम रु. |
|---|---|---|
| १ | चिया पसल कर | ५००।०० |
| २ | खुद्रा पसल कर | १०००।०० |
| ३ | होलसेल पसलकर | २५००।०० |
| ४ | पानीघट्ट कर | २५०।०० |
| ५ | चक्की मिल कुटानी र पिसाइ | १५००।०० |
| ६ | घुम्ती व्यापारी कर | ५००।०० |
| ७ | विदुद्त सुल्क पेल्टी सेट | ५००।०० |
| ८ | विदुद्त सुल्क पेल्टी सेट १० किलो वाट माथी | १००००।०० |
| ९ | मेडीकल कर | २५००।०० |
| १० | पोल्ट्री फर्म | २०००।०० |
| ११ | गहना पसल | १५००।०० |
| १२ | व्युटीपालर तालिम सहित | १५००।०० |
| १३ | घुम्तीभाडा पसल | ५००।०० |
| १४ | आयुर्वेदिक औषधी पसल | ५००।०० |
| १५ | सिलाइ कटाइ तथा टेलरिङ मेसिन | ५०००।०० |
| १६ | इलेक्ट्रोनिक समागीं पसल | ३०००।०० |
| १७ | फलफुल पसल | ५००।०० |
| १८ | पुस्तक पसल,स्टेशनरी खेलकुद समाग्री पसल | १०००।०० |
| १९ | होटल व्यवशाय | ३०००।०० |
| २० | फोटोग्राफी फोटो व्यवशाय | १५००।०० |
| २१ | माछामासु पसल | १०००।०० |
| २२ | फर्निचर तथा काष्ठ व्यवशाय | १५००।०० |
| २३ | मोटर पार्टस र ग्रील उद्योग | २०००।०० |
| २४ | विज्ञ परामर्श इन्जिनियरिङ,कानुन व्यवशायी भेटनरी सेवा सुल्क लगायतका अन्य सेवा सुल्क | १५००।०० |
| २५ | बन्दुक नविकरण | ५००।०० |
| २६ | सप्लायर्स सुचिकृत दर्ता सुल्क | २००।०० |

| | | |
|---|---|---|
| | कन्सल्टेन्सी सुचिकृत दर्ता सुल्क<br>निर्माण व्यवशायी सुचिकृत दर्ता सुल्क | २०००।००<br>१५००।०० |
| २७ | सभा कक्ष भाडा<br>क) आन्तरिक<br>ख) बाह्य | <br>५००।००<br>१०००।०० |
| २८ | घ वर्गको निर्माण व्यवशायी नयाँ दर्ता<br>घ वर्गको निर्माण व्यवशायी नविकरण<br>घ वर्गको निर्माण व्यवशाय नविकरण थप दस्तुर<br>घ वर्गको निर्माण व्यवशायी इजाजत पत्र प्रतिलिपी | रु २००००।००<br>रु ५०००।००<br>रु २०००।००<br>रु १०००।०० |
| २९ | निजी विद्यालय दर्ता<br>निजी विद्यालय थप कक्षा अनुमती<br>निजी विद्यालय नविकरण दस्तुर | रु २००००।००<br>रु १००००।००<br>रु ५०००।०० |
| ३० | आधारभुत विद्यालयको अनुमती सामुदायिक<br>माध्यामिक विद्यालयको अनुमती सामुदायिक | रु ५०००।००<br>रु १००००।०० |
| ३१ | सहकारी संस्था<br>दर्ता<br>नविकरण<br>जरिवाना<br>प्रतिलिपी | <br>रु ५०००।००<br>रु २०००।००<br>रु १०००।००<br>रु ५००।०० |
| ३२ | विभिन्न शैक्षिक लगायत अन्य Institute | रु २०००।०० |
| ३३ | मदिरा व्यवशाय सञ्चालन सिफारिस | रु २५०००।०० |

## अनुसुचि -०५

### (नियम ६ सँग सम्बन्धित)

| क्र.सं | विवरण | दर |
|---|---|---|
| १ | कटुकीको जरा प्रति किलो | रु २५०।०० |
| २ | रिठ्ठा प्रति के जी | रु २।०० |
| ३ | भाङो दाना प्रति केजी | रु १०।०० |
| ४ | अल्लो भाङो लोक्ता प्रति केजी | रु ३।०० |
| ५ | टिमुर प्रति केजी | रु १० |
| ६ | पाषाण वेद प्रति केजी | रु २०० |
| ७ | अमला प्रति केजी | रु ५।०० |
| ८ | चिराइतो प्रति केजी | रु ५।०० |
| ९ | सतुवा प्रति केजी | रु ५०।०० |
| १० | सिस्नु प्रति केजी | रु ५।०० |
| ११ | हाडे विस प्रति केजी | रु ५।०० |
| १२ | धुपी जडा प्रति केजी | रु ५।०० |
| १३ | दालचिनी प्रति केजी | रु ५।०० |

| | | |
|---|---|---|
| १४ | भैसी निकासी तथा ओसार पोसार प्रति भैसी | रु २०००।०० |
| १५ | वाख्रा ओसार पोसार प्रति वाख्रा | रु ५०।०० |

## अनुसुचि -०६
### (नियम ७ सँग सम्बन्धित)

गाउँपालिकाको क्षेत्र भित्र विज्ञापन होडिङ वोर्ड तथा पोष्टर आदी राखी विज्ञापन गरेमा सो वाफत कर दस्तुर निम्न वमोजिम हुने छ ।

होडिङ्ग वोर्ड तथा पोष्टर ३*६ वर्ग फिट सम्म रु ५००।०० र सो भन्दन माथी रु १०००।००

## अनुसुचि -०७
### (नियम ०८ सँग सम्बन्धित)

बहाल बिटौरी बाफतको दस्तुर निम्न बमोजिम हुनेछ ।

दुर्गाथली गाउँपालिकाले आफै छाप्रे निर्माण गरेको हकमा मासिक रु ५००।०० देखि २०००।०० सम्म

व्यक्ति आफै अस्थायी छाप्रो टहरा निर्माण गरेकोमा प्रति वर्ग फिट मासिक रु ५ को दरले हुन आउने रकम

## अनुसुची-०८
### (नियम ९ सँग सम्बन्धित)

दुर्गाथली गाउँपालिका क्षेत्र भित्र उठाइने सेवा शुल्कको दर निम्नानुसार हुनेछ ।

| क्र.स. | सेवा शुल्क शिर्षक | शुल्क दस्तुर रकम रु. |
|---|---|---|
| १ | नाता प्रमाणित अन्य प्रमाणितहरु | ५००।०० |
| २ | चारकिल्ला प्रमाणित | ५००।०० |
| ३ | नागरिकता सिफारिस | १००।०० |
| ४ | नागरिकता अंगकृत सिफारिस | १०००।०० |
| ५ | विद्दुत्त मिटर जडान सिफारिस | ५००।०० |
| ६ | संस्था दर्ता सुल्क<br>संस्था दर्ता निकरण<br>सस्था दर्ता प्रतिलिपी | ५०००।००<br>१०००।००<br>५००।०० |
| ७ | घर रजिष्ट्रेषन सिफारिस | ३००।०० |
| ८ | साना घरेलु उद्योग दर्ता सीफारिस | ३०००।०० |
| ९ | पयर्टन शुल्क | रु १००।०० |
| १० | खानेपानी मुल दर्ता | रु १५००।०० |
| ११ | सिचाइ मुल दर्ता | रु २०००।०० |
| १२ | तिव्वत जाने अनुमती सिफारिस | रु ५००।०० |

| | | |
|---|---|---|
| | भारत वाहेक अन्य मुलुक जाने सिफारिस | रु १५००।०० |
| १३ | साधारण सिफारिस | रु १००।०० |
| १४ | घर जग्गा नामसारी | रु ५००।०० |
| १५ | योजना अन्तिम भुक्तानी<br>रु १ लाख सम्म सिफारिस<br>रु १-५ लाख सम्म सिफारिस दस्तुर<br>रु ५-१० लाख सम्म सिफारिस दस्तुर<br>रु १० लाख भन्दा | <br>१००।००<br>२००।००<br>५००।००<br>१०००।०० |
| १६ | अंसबन्डा सिफारिस | ५००।०० |
| १७ | वैदेशिक कामका लागी सिफारिस<br>भारत<br>भारत वाहेक अन्य मुलुक | <br>२००।००<br>५००।०० |
| १८ | गरिवी विपन्न सिफारिस | १००।०० |
| १९ | सम्पन्नता सिफारिस<br>रु ५ लाख सम्म<br>रु ५ लाख वा सो भन्दा माथी | <br>१०००।००<br>२०००।०० |
| २० | व्यवशाय संघ संस्था आदी नामसारी सिफारिस | १०००।०० |
| २१ | बैकं काउन्टर खोल्ने वार्षिक<br>क वर्गको बैकं<br>अन्य वित्तिय संस्था<br>सहकारी संस्था<br>IME अन्य | रु ५०००।००<br>रु१००००।००<br>रु ७५००।००<br>रु २०००।००<br>१०००।०० |
| २२ | छात्रबृती सिफारिस | १००।०० |
| २३ | जागिर सिफारिस | ५००।०० |
| २४ | कच्चिघर भत्काउने | १००।०० |
| २५ | अन्य सिफारिस | १००।०० |
| २६ | जन्म मृत्यु विवाह वसाइसराइ(३५ दिन भित्र सम्म निसुल्क) जरिवाना<br>प्रतिलिपी सुल्क | २००।००<br><br>रु ५००।०० |
| २७ | अविवाहित प्रमाणित | रु १००।०० |
| २८ | वपस पत्र | रु ५००।०० |
| २९ | अपुताली सिफारिस | रु ५००।०० |
| ३० | सर्जिमिन मुचुल्का सिफारिस (प्राकृतिक विपद मा निसुल्क) | रु ५००।०० |
| ३१ | मिलापत्र दस्तुर दुवै पक्ष | रु ५००।०० |
| ३२ | गैर सरकारी संस्था नविकरण | रु १०००।०० |
| ३३ | प्रति ट्राली ढुङ्गा गिट्ट संकलन | रु ५५०।०० |

| | | |
|---|---|---|
| | प्रति ट्राली वालुवा संकलन<br>प्रति ट्राली माटो संकलन | रु ७५०।००<br>रु ५००।०० |
| ३४ | प्रति कट्टा गिट्ट संकलन<br>प्रति कट्टा वालुवा संकलन<br>प्रति कट्ट माटो संकलन | रु १०।००<br>रु १५।००<br>रु ५ ।०० |
| ३५ | कृषक समुह। पशु समुह दर्ता<br>नविकरण | रु १०००।००<br>रु ५००।०० |
| ३६ | भ्याकुलोडर भाडा | इन्धनसहित प्रति घण्टा रु ३७५०।००<br>इन्धन वाहेक प्रतिघण्टा रु २७००।०० |
| ३७ | एम्बुलेन्स सेवा( ७५ वर्ष माथीका जेष्ठनागरिक पुर्ण अपाङ्गगता भएको ( क वर्ग) प्रेषण भएका गर्भवती आमालाइ निशुल्क हुनेछ । | गाउँपालिका भित्र<br>क) चौधारी –बुङ्गा रु ५००।००<br>ख) चौधारी- वाजकाडा रु १०००।००<br>ग) चौधारी- सैन रु १५००।००<br>घ) चौधारी-भलाने/जाफ्री रु १५००।००<br>ङ) चौधारी- चुवावन रु १८००।००<br>च) चौधारी – रकैल रु १५००।००<br>छ) चौधारी-मौलाली रु ७००।००<br>ज) चौधारी – वली गाउँ रु ५००।००<br>झ) चौधारी- जुजी भित्र ( वडा नम्बर १,२ र ४ भित्रको गाउँपालिका आसपासमा क्षेत्र ) रु ५००।००<br>ञ) चौधारी- देउलेख वडा नम्बर ३ रु १०००।००<br>बझाङ्ग जिल्ला भित्र<br>क) चौधारी –चैनपुर रु २०००।००<br>ख) चौधारी- देउरा रु २०००।००<br>ग) चौधारी- देउलेक वित्थड रु ४५००।००<br>बझाङ्ग जिल्ला बाहिर<br>क) चौधारी- डडेलधुरा रु ६५००।००<br>ख) चौधारी- धनगढी रु ११०००।००<br>ग) चौधारी महेन्द्र नगर रु १२०००।००<br>घ) चौधारी कोहलपुर रु १६०००।००<br>ङ) चौधारी नेपाल गञ्ज रु १७०००।००<br>च) चौधारी –काठमाडौ रु ४००००।००<br>छ) चौधारी –चितवन रु २६०००।००<br>साथै विरामि ३ घण्टा भित्र फिर्ता भएमा फर्किएको भाडा लाग्ने छैन अन्यथा तोकिए बमोजिम फर्किएको भाडा लिइने छ । |

आज्ञाले ,

केशवराज जोशी

प्रमुख प्रशासकिय अधिकृत